# निर्वाचन अधिकृतको कार्यालय
## नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्था
आइक्यान मार्ग, सातदोबाटो, ललितपुर ।

**विषय : नवौं परिषदको पार्षद पदको निर्वाचनको लागि हुलाक मार्फत् पठाईएको मतपत्र सम्बन्धमा मतदाताहरुलाई जारी गरिएको सूचना ।**

नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाको नवौं परिषदको पार्षद पदको निर्वाचन यहि आउँदो भाद्र १८ गते शुक्रबार तय गरिएको व्यहोरा सम्पूर्ण मतदाताहरुमा अवगत नै होला । सोही सन्दर्भमा हुलाक मार्फत पठाईने स्वदेश तथा विदेशमा रहनु भएका चार्टर्ड एकाउन्टेन्ट तथा दर्तावाला लेखापरीक्षक मतदाताहरुको मतपत्र तोकिएको स्थानमा पठाईएको व्यहोरा सबैमा जानकारी गराईन्छ । सम्बन्धित मतदाताहरुले (विदेशको हकमा DHL र स्वदेशको हकमा हुलाक कार्यालय मार्फत) संस्थाबाट जारी गरिएको सदस्यता पत्र वा आफ्नो परिचयपत्र सहित स्वयम् उपस्थित भई आफ्नो मतपत्र लिई गोप्य रुपमा मतदान गरी मतपत्र "ग" खाममा सिलबन्दी गरी "ख" खाममा राखी हुलाक मार्फत २०७८ भाद्र १७ गते अपरान्ह ३ बजेभित्र यस कार्यालयमा आईपुग्ने गरी फिर्ता पठाउनु हुनको लागि यो सूचना जारी गरिएको छ ।

स-धन्यवाद !

निर्वाचन अधिकृतको कार्यालय

समिता डंगोल
प्रवक्ता / सहायक निर्वाचन अधिकृत